


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २१३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं २ गते मंगलबार ❑ 18 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## प्रधानमन्त्री र गण्डकी प्रदेशका मुख्यमन्त्रीबीच भेटवार्ता

पोखरापत्र संवाददाता
पोखरा, १ भदौं

प्रधानमन्त्री वालेन्द्र शाहसँग गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सोमबार भेट गर्नुभएको छ।

सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा भएको भेटमा उहाँहरूबीच अन्तरसरकार सहकार्य तथा समन्वयका विषयमा छलफल भएको मुख्यमन्त्री पाण्डेका प्रेस संयोजक नरहरि सापकोटाले जानकारी दिनुभयो।

मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारका तर्फबाट विभिन्न विषयमा सङ्घ सरकारको ध्यानाकर्षण गराउनुभएको उहाँले बताउनुभयो। भेटवार्ताका क्रममा प्रदेश सरकारले बनाएका कानुन कार्यान्वयनमा सहजीकरण, अधिकार प्रत्योजन, जग्गा प्राप्ति, पूर्वाधार विकासलगायत विषयमा छलफल भएको थियो। उहाँले नवलपुर जिल्लाको त्रिवेणी गाउँपालिकाको दुम्कीबाँसबास त्रिवेणीसम्मको हुलाकीमार्गको चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने सडक निर्माणका लागि सहजीकरण गरिदिन प्रधानमन्त्रीसमक्ष आग्रह गर्नुभएको छ। गण्डकी प्रदेशमा प्रस्तावित लोकाहाखोला र पुँडीटार औद्योगिक क्षेत्रका लागि जग्गा प्राप्ति तथा मनाङ, मुस्ताङ र गोरखा जिल्लाको उत्तरी क्षेत्रमा पर्ने जग्गाको नापी तथा दर्ताका लागि आवश्यक व्यवस्था मिलाउन मुख्यमन्त्री पाण्डेले प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभएको प्रेस संयोजक सापकोटाले जानकारी दिनुभयो।

त्यस्तै अन्नपूर्ण संरक्षण र मनास्लु संरक्षण क्षेत्रअन्तर्गत पर्ने वन क्षेत्रलाई प्रदेश सरकारको मातहतमा ल्याउने तथा ती संरक्षण क्षेत्रभित्रका नदीजन्य पदार्थको सङ्कलन, व्यवस्थापन र उपयोग गर्न स्थानीय तहलाई अधिकार प्रदान गर्ने विषयमा छलफल भएको प्रेस संयोजक सापकोटाले बताउनुभयो। मुख्यमन्त्री पाण्डेले 'गण्डकी प्रदेश घरेलु मदिरा ऐन, २०८२' कार्यान्वयनका लागि औद्योगिकव्यवसायनिवमावलीको उद्योग स्थापनासम्बन्धी अधिकार प्रत्यायोजन तथा घरेलु मदिराको अन्तःशुल्कको दर निर्धारणका लागि सहजीकरण गरिदिन प्रधानमन्त्रीसमक्ष आग्रह गर्नुभएको थियो। त्यस्तै प्रदेश सरकारले निर्माण गरेको औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि 'गाँजाखेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८३' कार्यान्वयनका सम्बन्धमा प्रधानमन्त्री र मुख्यमन्त्रीबीच छलफल भएको थियो। अनलाइन सञ्चारमाध्यमको दर्ता तथा नवीकरणरआमसञ्चारमाध्यमको इजाजतपत्र नवीकरणसम्बन्धी कार्य प्रदेश सरकारबाटै हुने गरी आवश्यक नीतिगत व्यवस्था मिलाउन मुख्यमन्त्री पाण्डेले प्रधानमन्त्रीसमक्ष आग्रह गर्नुभएको थियो। भेटका क्रममा अन्तरराष्ट्रिय सीमा नाका एवं सीमा क्षेत्रको पूर्वाधार विकास र सीमा व्यवस्थापन, सडक र खानेपानीका अधुरा आयोजना, फेवातालको अतिक्रमित संरचना हटाउने तथा मुआब्जा वितरणलगायतका विषयमा प्रधानमन्त्री शाह र मुख्यमन्त्री पाण्डेबीच छलफल भएको थियो। प्रधानमन्त्री शाहले कानुन निर्माण गर्नुपर्ने विषयमा कानुनी सहजीकरण गर्ने बताउँदै सङ्घ सरकारले नीतिगत निर्णय लिने विषयमा आवश्यक समन्वय गर्ने बताउनुभएको प्रेस संयोजक सापकोटाले जानकारी दिनुभयो।

## पोखरा उद्योग वाणिज्य संघको अध्यक्षमा चार प्रत्यासी बिच प्रतिष्पर्धा हुने

पोखरापत्र संवाददाता
पोखरा, १ भदौं

पोखरा उद्योग वाणिज्य संघको आगामी ७२औं वार्षिक साधारणसभा तथा ३६औं महाधिवेशन नजिकिँदै जाँदा नयाँ नेतृत्वका लागि चुनावी सरगर्मी बढेको छ।

भदौ २० र २१ गते हुने महाधिवेशनमा अध्यक्ष पदका लागि यसअघि तीन जनाले उम्मेदवारी घोषणा गरिसकेका छन्। पछिल्लो समय युवा व्यवसायी अर्जुन पोखरेलले पनि सामाजिक सञ्जालमार्फत अध्यक्ष पदमा आफ्नो उम्मेदवारी घोषणा गरेसँगै अध्यक्षका आकांक्षीको संख्या चार पुगेको छ। पोखरेलले फेसबुक स्टाटसमार्फत आफ्नो उम्मेदवारी सार्वजनिक गर्दै निजी क्षेत्रका मुद्दालाई खरो रूपमा उठाउने र व्यवसायीका समस्या समाधानका लागि निडर भएर अघि बढ्ने दाबी गरेका छन्। उनले लेखेका छन्, 'लडिन्छ भनेर डराइयो भने चल्न बिर्सिन सकिन्छ।' साथै पोखरेली भावनासँग जोड्दै उनले 'जसो गर, जे गर, जतासुकै लैजाऊ मलाई, यो मन त मेरो पोखरेली हो' भन्ने सन्देशसमेत दिएका छन्। लामो समयदेखि पोखरा उद्योग वाणिज्य संघमा सक्रिय पोखरेलले सदस्य हुँदै उपमहासचिव, महासचिव र उपाध्यक्षको जिम्मेवारी सम्हालिसकेका छन्। यसअघि दुई पटक अध्यक्ष पदका प्रत्यासीसमेत बनेका उनी यसपटक भने थप तयारीका साथ नेतृत्वको दौडमा आएको उनीनिकट स्रोतको दाबी छ।

पोखरेलले निजी क्षेत्रका मुद्दामा प्रभावकारी बहस, व्यवसायीका समस्या समाधान र पोखराको आर्थिक विकासलाई प्राथमिकतामा राख्ने गरी आफ्नो अभियान अघि बढाउने तयारी गरेका छन्। औपचारिक रूपमा उम्मेदवारी घोषणा गरेसँगै अब कसरी अघि बढ्ने भन्ने विषयमा व्यवसायी तथा शुभेच्छुकसँग छलफल गरिरहेको बताइएको छ। अध्यक्ष पदका लागि यसअघि संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्य, महासचिव शोभा गौतम र वाणिज्य उपाध्यक्ष बलराम आचार्यले उम्मेदवारी घोषणा गरिसकेका छन्।

पोखरेलको प्रवेशसँगै चारै जना प्रत्यासीको आ-आफ्नै संस्थागत अनुभव, एजेन्डा र व्यावसायिक सम्बन्ध चुनावी बहसको विषय बन्न थालेका छन्। वरिष्ठ उपाध्यक्ष बुद्धाचार्यले संघको संस्थागत 'लेगेसी' र आफ्नो लामो अनुभवलाई मुख्य आधार बनाएका छन्। महासचिव गौतमले पहिलो महिला अध्यक्ष बन्ने सम्भावनासहित समावेशी र व्यवसायीमैत्री नेतृत्वको एजेन्डा अघि सारेकी छन्। वाणिज्य उपाध्यक्ष आचार्यले संघभित्र विभिन्न जिम्मेवारी सम्हाल्दाको अनुभवलाई नेतृत्वमा रूपान्तरण गर्ने दाबी गरेका छन्। यता, पोखरेलको उम्मेदवारीलाई भने युवा पुस्ताको सक्रियता र निजी क्षेत्रका मुद्दामा आक्रामक पैरवीसँग जोडेर हेरिएको छ। संघमा सदस्य हुँदै विभिन्न जिम्मेवारी सम्हालेका पोखरेलको यसअघिको संस्थागत अनुभवले पनि उनको उम्मेदवारीलाई थप चासोको विषय बनाएको छ।

अध्यक्षका चारै प्रत्यासीले आफ्नो तयारी तीव्र पार्दै व्यवसायी भेटघाट र समर्थन जुटाउने क्रम अघि बढाएका छन्। निर्वाचनको अन्तिम समयसम्म प्यानल हेरफेर, पद बाँडफाँट वा सहमतिको प्रयास हुन सक्ने सम्भावना रहेकाले अहिले चर्चामा रहेका सबै नाम अन्तिम प्रतिस्पर्धीका रूपमा कायम रहन्छन् भन्ने निश्चित भने छैन। पोखरा उद्योग वाणिज्य संघमा हाल २ हजार ७ सय ३१ सदस्य छन्। निर्वाचनलाई व्यवस्थित रूपमा सम्पन्न गर्न पूर्वअध्यक्ष दामु अधिकारीको संयोजकत्वमा सात सदस्यीय निर्वाचन समिति गठन भइसकेको छ। महाधिवेशनको मिति नजिकिँदै जाँदा अध्यक्षसहित अन्य पदमा समेत आकांक्षीहरूबीचको भेटघाट, छलफल र चुनावी गतिविधि थप तीव्र हुने देखिएको छ। संघको हित हुने गरी नयाँ नेतृत्व आउने विश्वास व्यक्त गर्दै संघका अध्यक्ष गोकर्ण कार्कीले हाल आफुहरु साधारण सभा तथा अधिवेसन भव्य रुपमा समापन गर्ने तयारीमा जुटेको बताउनु भयो।

## पत्रकार श्रेष्ठलाई थुनामुक्त गर्न सर्वोच्चको परमादेश

रासस
काठमाडौं, १ भदौं

सर्वोच्च अदालतले जनआस्था साप्ताहिका प्रधान सम्पादक किशोर श्रेष्ठलाई थुनामुक्त गर्न परमादेश जारी गरेको छ।

न्यायाधीशद्वय नहकुल सुवेदी र बाबुराम ढकालको इजलासले सोमबार सुनुवाइ गर्दै थुनामा राखिरहनुपर्ने कुनै कारण नदेखिएकाले प्रधान सम्पादक श्रेष्ठलाई थुनामुक्त गर्न परमादेश गरेको हो।

"जाहेरी दरखास्तमा उल्लिखित तस्बिर जाहेरवाला आफैँले सामाजिक सञ्जाल फेसबुकमा प्रविष्ट गरेको भन्ने देखिएकोमा उक्त तथ्यलाई विपक्षीले लिखित जवाफमा अन्यथा खण्डन गर्न सकेको देखिएन", आदेशमा भनिएको छ, "थुनामै राखी मुद्दाको तहकीकात अनुसन्धान गर्नुपर्नेसम्मको अवस्था विद्यमान देखिएकाले हाजिरी जमानीमा छाडी मुद्दाको अनुसन्धान गर्नू भनी विपक्षी मध्येका जिल्ला प्रहरी परिसर, काठमाडौँको नाउमा परमादेश जारी हुने ठहर्छ।"

पत्रकार श्रेष्ठको तर्फबाट उहाँकी श्रीमती सरस्वती श्रेष्ठले बिहीबार थुनामुक्त गर्न माग गर्दै बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गर्नुभएको थियो। सोही निवेदनमाथिको सुनुवाइपछि न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले अदालतमा पत्रकार श्रेष्ठलाई बरामद गरेका सामग्रीसहित उपस्थित गराउन आदेश दिएको थियो।

अदालतले पत्रकार श्रेष्ठको घर तथा कार्यालयबाट बरामद भएको सीयुपी, ल्यापटप, आइप्याड र मोबाइलसमेत फिर्ता दिन भनेको छ। पत्रकार श्रेष्ठलाई पक्राउ गरिए लगत्तै प्रहरीले गत साउन २७ र २८ गते जनआस्था साप्ताहिकको कार्यालय तथा श्रेष्ठको निवासमा छापा मारेर कम्प्युटर, ल्यापटप लगायतका उपकरण बरामद गरेको थियो।

## विश्व बैंकको सहयोगमा पोखरामा दुई सडक निर्माण, एक निर्माणाधीन

पोखरापत्र संवाददाता
पोखरा, १ भदौं

नेपाल सहरी शासकीय तथा पूर्वाधार आयोजनाअन्तर्गत कास्कीको पोखरा महानगरपालिकास्थित शिशुवा-खुदीखोला र कालिकास्थान-लामेआहाल-पुँडीटार सडक विस्तार तथा स्तरोन्नितको काम सकिएको छ।


पोखरा-३० को शिशुवा-खुदीखोला चार दशमलव १४ किमी सडक उद्घाटन भइसकेको छ भने पोखरा-३३ मा पर्ने कालिकास्थान-लामेआहाल-पुँडीटार सडक हस्तान्तरण हुन बाँकी छ। आयोजनाअन्तर्गत पोखरा-२७ तालचोकबाट पोखरा-३१ बेगनास जोड्ने सडक भने निर्माणाधीन अवस्थामा छ। चार लेनको उक्त सडक आगामी कात्तिक मसान्तसम्ममा सक्ने गरी अन्तिम पटकलाई म्याद थप गरिएको आयोजनाका स्रोतव्यक्ति इन्जिनियर नवीन गौतमले जानकारी दिनुभयो। सङ्घ सरकारको समन्वय तथा विश्व बैंकको आर्थिक सहयोगमा पोखरामा उक्त आयोजना सञ्चालनमा काम भइरहेको उहाँको भनाइ छ।

विश्व बैंकको रु ४८ करोड ९६ लाख ३५ हजार २५४ आर्थिक सहयोगमा शिशुवा-खुदीखोला सडक निर्माण भएको हो। नालीसहित १५ मिटरमा दुई लेन सडक, एक दशमलव पाँच मिटर साइकल लेन र दुई दशमलव पाँच मिटर फुटपाथ ट्र्याक रहेको इन्जिनियर गौतमले बताउनुभयो। आशिष निर्माण सेवाले विसं २०८१ वैशाख २ गते निर्माण सम्झौता गरी निर्धारित समयमै सडकको काम सकेको उहाँको भनाइ छ। कालिकास्थान-लामेआहाल-पुँडीटार सडक निर्माण पनि गत असारमै पूरा भएको उहाँले बताउनुभयो। पोखरा भित्रिने वैकल्पिक सडकका रूपमा हेरिएको उक्त सडकको दूरी १२ दशमलव ४४ किमी रहेको छ। साइकल ट्र्याक र फुटपाथसहित सडक निर्माण गरिएको इन्जिनियर गौतमले बताउनुभयो।

आशिष निर्माण सेवाले रु ७७ करोड ६८ लाखमा ठेक्कामा उक्त सडक बनाएको हो। पोखरा-३३ का वडाध्यक्ष रामचन्द्र अधिकारीले छिटपुटबाहेक सडक निर्माण सकिएको बताउनुभयो। सडक उद्घाटन भने भइसकेको छैन। सडकको दायाँबायाँ तीन मिटरमा फलफूलका बिरुवा रोप्ने योजना रहेको वडाध्यक्ष अधिकारीले जानकारी दिनुभयो। तनहुँको कोत्रे हुँदै बाघमारा भएर पोखरा भित्रिने वैकल्पिक मार्गका रूपमा यो सडकलाई विकास गर्नुपर्ने उहाँले बताउनुभयो। सडक स्तरोन्नति भएसँगै आवतजावत तथा स्थानीय उत्पादनको बजारीकरणमा पनि महत्वपूर्ण टेवा विश्वास लिइएको छ। साविक भरतपोखरी गाउँ विकास समिति रहेको यस क्षेत्र पोखरा महानगरपालिकामा गाभिए पनि अपेक्षित रूपमा विकास हुन नसकेको वडाध्यक्ष अधिकारीले बताउनुभयो। महानगरभित्रका ग्रामीण र विकासमा पछाडि पारिएका वडालाई बजेट तथा कार्यक्रममा प्राथमिकता दिन महानगरको नेतृत्वससँग पहल भइरहेको उहाँको भनाइ छ। निर्माणमा ढिलासुस्ती भइरहेको तालचोक-बेगनास सडकलाई थपिएको म्यादभित्र काम सक्न महानगरले ताकेता गरिरहेको महानगरप्रमुख धनराज आचार्यले बताउनुभयो। उक्त सडकमा देखिएको जग्गाको मापदण्डलगायत विवाद समाधान भइसकेकाले अब निर्माणले गति लिने उहाँले विश्वास व्यक्त गर्नुभयो। "सडकको काम पूरा गर्न निर्माण कम्पनीलाई समयसीमा दिएका छौँ। समयमै काम सकिनेमा हामी विश्वस्त छौँ", प्रमुख आचार्यले भन्नुभयो। विसं २०७९ चैतदेखि निर्माण थालिएको तालचोक-बेगनास सडक निर्माण कम्पनीको ढिलासुस्तीका कारण समयमा बन्न नसकेको हो। तीन दशमलव २८ किमीको उक्त सडकलाई चार लेनमा स्तरोन्नति गर्न 'स्वच्छन्द-सपना-वर्ल्डवाइड जेबी'ले निर्माण जिम्मा पाएको थियो। ठेक्का सम्झौता भएको एक वर्षपछि बल्ल सडक निर्माण सुरु भएको थियो।

रु एक अर्ब ४९ करोडको लागत योजना रहे पनि निर्माण कम्पनीसँग भ्याटसहित रु ७५ करोड ४८ लाखमा ठेक्का सम्झौता भएको इन्जिनियर गौतमले जानकारी दिनुभयो। फुटपाथ ट्र्याक, साइकल लेन, सडक बत्ती र पार्किङसहितको नुमना सडक बन्ने उहाँको भनाइ छ। सडक छेउछाउमा बगैँचा, यात्रु प्रतिक्षालयसहित आकर्षक पूर्वाधार बनाइने बताउँदै उहाँले सडकमा तीन वटा पुल निर्माणाधीन अवस्थामा रहेका जानकारी दिनुभयो। अहिले सडक विस्तार, फुटपाथ, कल्भर्ट, नाला र पर्खाल आदि निर्माणको काम भइरहेको छ।

पृथ्वी राजमार्गसँग जोडिएको उक्त सडक बेगनास, रुपा गाउँपालिका हुँदै लमजुङ जोडिन्छ। महानगरको गौरवको आयोजनाकारूपमातालचोक-बेगनास सडक विस्तार एवं स्तरोन्नति कार्यलाई अगाडि बढाइएको हो। पोखरा महानगरपालिका र सहरी विकास तथा भवन निर्माण विभागबीच सन् २०२१ मार्चमा परियोजना सम्झौता भई सडक निर्माण सुरु भएको थियो।



# स्याङ्जामा २९० दर्ता हुँदा ३३४ उद्योग खारेज

पोखरापत्र संवाददाता
स्याङ्जा, १ भदौं

स्याङ्जामा गएको आर्थिक वर्ष २०८२/८३ मा नयाँ उद्योग दर्ताको तुलनामा खारेजी हुने उद्योगको संख्या धेरै रहेको छ। गत वर्ष २९० नयाँ उद्योग दर्ता हुँदा ३३४ उद्योग खारेजीमा परेका छन् ।

एकीकृत सेवा कार्यालयका अनुसार नयाँ दर्ता हुनेमा १४९ उद्योग र वाणिज्यतर्फका १४२ व्यावसायिक फर्मसमेत २९० उद्योग रहेका छन्। खारेजी हुनेमा उद्योगका १६९ र वाणिज्यतर्फ १६५ फर्म गरी ३३४ रहेका छन् । नयाँ दर्ताको तुलनामा ४४ वटा बढी उद्योग लगतकट्टा भएका हुन् ।

जिल्लामा नयाँ उद्योग दर्ता हुँदा झण्डै ३६ करोड ४० लाख रुपैयाँ नयाँ लगानी थपिएको छ। उद्योगतर्फ करिब २२ करोड २० लाख रुपैयाँ लगानी थपिदा वाणिज्य क्षेत्रमा करिब १४ करोड २० लाख रुपैयाँ नयाँ लगानी गरिएको कार्यालयले जनाएको छ। उद्योग र वाणिज्यमा नयाँ उद्योग र लगानी थपिदा झण्डै ६ सय नयाँ रोजगारी सृजना भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

गएकै वर्ष ३३४ उद्योग खारेजीमा परेसँगै ४१ करोड ८५ लाख रुपैयाँ लगानी बाहिरिएको छ । उद्योगतर्फ २५ करोड ३५० लाख रुपैयाँ बाहिरिदा वाणिज्य क्षेत्रको झण्डै १६ करोड ५० लाख रुपैयाँ बाहिरिएको कार्यालय प्रमुख जीवन पौडेलले जानकारी दिए। उनका अनुसार खारेजीमा पर्ने उद्योगको संख्या बढी भएकै कारण झण्डै ५ करोड ४५ लाख रुपैयाँ बाहिरिएको छ । नयाँ उद्योगमध्ये अधिकांश महिलाहरुको नाममा दर्ता भएको छ।

उद्योग दर्तामा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट हुने भएपछि महिलाको नेतृत्वमा उद्योग दर्ता हुने क्रम बढ्दै गएको कार्यालयले जनाएको छ। नयाँ दर्ता हुनेमा कृषि, उत्पादन, सप्लायर्स, पर्यटनसहितका उद्योग रहेका छन् । पछिल्लो तथ्यांक अनुसार नयाँ दर्ताको तुलनामा खारेजी हुने उद्योगको संख्या बढ्दै जानु युवायुवती वैदेशिक रोजगारका लागि विदेशीनु प्रमुख कारण मानिएको छ । युवायुवती रोजगारीका लागि विदेश गएसँगै अभिभावकले पेशा, व्यवसाय छोड्ने, बढ्दै गएको आर्थिक शिथिलता र अनुदानमुखी उद्योगहरु खारेजीको क्रममा रहेको कार्यालयका उद्योग तथा वाणिज्य शाखा प्रमुख कृष्ण लम्सालले जनाए।

कार्यालयका अनुसार गएकै वर्ष जिल्लामा उद्योगतर्फ ९७६ र वाणिज्यतर्फका एक हजार २१ गरी एक हजार ९९७ उद्योग, व्यावसायिक फर्म तथा पसलहरु नविकरण गरिएको छ। नविकरण भएका उद्योग तथा पसलबाट करिब ६० लाख राजश्व संकलन भएको छ। नविकरण भएका फर्म तथा पसलहरुमा झण्डै दुई अर्ब ५० करोड लगानी र करिब चार हजार नागरिकले रोजगारी पाएको कार्यालयले जनाएको छ।

# काहुँखोलादेखि विजयपुर पोखरी गाउँसम्म हाइकिङ, प्रकृति र पर्यटनसँग जोडिँदै हाइकर्स क्लब

पोखरापत्र संवाददाता
पोखरा, १ भदौं



हाइकर्स क्लब नेपालको आयोजनामा भएको नियमित हाइकिङ कार्यक्रमको ७३ औँ शृंखला विभिन्न प्राकृतिक, धार्मिक तथा ग्रामीण पर्यटन क्षेत्रको अवलोकन गर्दै सम्पन्न भएको छ।

हाइकिङ कार्यक्रम पोखरा महानगरपालिका वडा नं १३ को काहुँखोलाबाट आर्वा गाउँ, महाप्रभु धाम हुँदै विजयपुर पोखरी गाउँसम्म सञ्चालन गरिएको थियो । ५० भन्दा बढि सहभागीहरूले आर्वा र विजयपुर गाउँको ग्रामीण परिवेश, प्राकृतिक सौन्दर्य, स्थानीय जीवनशैली तथा धार्मिक महत्व बोकेका स्थलहरूको अवलोकन गरेका थिए। आर्वाका स्थानिय युवाहरु केदार बराल, माधव बराल र विजयपुर पोखरी गाउँका मोती विक.ले हाइकिङ रुट देखाउन सहजीकरण गरेका थिए भने गाउँमा चण्डेश्वरी तमु आमा समुहकी अध्यक्ष धनकुमारी गुरुङ र पदाधिकारी तथा सदस्यहरु, स्थानिय आमा दिदीबहिनी लगायतले फुलगुच्छा र अविर खादाले हाइकर्स समुहलाई भव्य स्वागत गरेका हाइकिङ संयोजक रन पाटामगरले वताए । आमा समुहकी अध्यक्ष धनकुमारी गुरुङले विजयपुर गाउँमा पोखरा महानगरपालिका वडा नं. १३ मा पर्ने भए पनि नियमित बसको सुविधा नभएकोले गाउँमा कष्टकर जिवन जिउन वाध्य भएको भन्दै गाउँलेको एउटै माग भनेकै सामुदायीक वनमा पहिरोले वन्द भएको बाटो खुलाउने र साँघुरो बाटो चक्लाउने रहेको वताईन । आर्वा गाउँको सिरानमा रहेको महाप्रभुधाम विकास समितिका अध्यक्ष नुमराज बरालले निर्माणधिन धामको बारेमा स्वास्थ्यका लागि शारीरिक व्यायामसँगै पर्यटन प्रवर्द्धन, प्रकृतिप्रेम र आपसी भाइचारा अभिवृद्धि गर्ने उद्देश्यले नियमित रूपमा हाइकिङ कार्यक्रम सञ्चालन गर्दै आएको हाइकर्स क्लब नेपालका अध्यक्ष कृष्ण रानाभाटले वताए । पदयात्रामा सहभागी हाइकर्सहरूले ग्रामीण क्षेत्रका प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई नजिकबाट नियाल्दै स्थानीय पर्यटनको सम्भावनाबारे समेत जानकारी लिएका थिए । यस्ता पदयात्राले स्थानीय क्षेत्रमा आन्तरिक पर्यटनको प्रवर्द्धन गर्नुका साथै स्वस्थ जीवनशैली अपनाउन प्रेरणा दिने पोखरा विश्वविद्यालयका प्राध्यापक युवराज त्रिवाठीले वताए । कार्यक्रम सफल बनाउन सहभागी हुने सम्पूर्ण हाइकर्स, सहयोगी तथा सम्बन्धित सबैप्रति हाइकर्स क्लब नेपालले आभार व्यक्त गरेको छ। विगत ७ वर्षदेखी हरेक महिनाको अन्तिम शनिबार क्लबले नियमित रुपमा हाईकिङ कार्यक्रम गर्दै आएको छ भने आगामी दिनमा पनि पोखरा तथा आसपासका नयाँ-नयाँ पदमार्गको पहिचान, प्रवर्द्धन र पदयात्राका कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

# ढोरपाटन हिँडेका पर्यटकलाई सडकका कारण सास्ती

पोखरापत्र संवाददाता
बागलुङ, १ भदौं

मनसुन सुरु भएसँगै बागलुङको ढोरपाटनमा पर्यटकीययाम थप सक्रिय हुन्छ। ढोरपाटनमा फुल्ने अनेकौ बुकी फूल हेर्नका लागि हजारौं पर्यटक साउन-भदौमा यहाँ आउने गर्दछन् ।

मनसुनमा ढोरपाटन सुन्दर देखिए पनि ढोरपाटन पुग्ने सडकले पर्यटकलाई सास्ती दिने गरेको छ । नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र ढोरपाटनमा पर्यटकको सङ्ख्या बढे पनि बर्खामा सडक यात्रा भने जोखिम हुने गरेको आगन्तुक बताउँछन् ।

पक्की सडकको यात्रामा बागलुङबाट मध्यपहाडी लोकमार्ग हुँदै बुर्तिवाङ पुगेपनि बुर्तिवाङबाट ढोरपाटनसम्मको सडककच्ची छ । सडक स्तरोन्नतिको चरणमा रहेपनि बर्खामा मनोरम दृश्य हेर्न गएका पर्यटकलाई यात्राका क्रममा सास्ती हुने गरेको हो। बुर्तिवाङ-ढोरपाटन सडकका १२ भन्दा बढी स्थानमा दैनिकजसो पहिरो खसिरहेकाले यात्रा गर्दा जोखिम भइरहेको छ । अघिल्लो साता पर्यटक बोकेर हिडेको स्कार्पियो पहिरोले पुरेर उक्त साधनलाई क्षति पुऱ्याएको थियो । जीपमा सवारको सकुसल उद्दार गरेपनि यहाँको यात्रा बर्खामा जोखिमपूर्ण हुने गरेको उक्त घटनाले चित्रण गर्दछ।

त्यस लगत्तै पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले सडकको अनुगमन गरेर कालोपत्र गर्न पहल गर्ने प्रतिबद्धतासमेत जनाउनुभएको थियो । राष्ट्रिय प्राथमिकताको आयोजना सालझण्डी-ढोरपाटनसडकअन्तर्गत बागलुङको बुर्तिबाङ-फल्लेघर खण्डको २२ किलोमिटर सडक स्तरोन्नति भइरहेको भन्दै सडक चौडा बनाउँदा यसपटकको बर्खामा अत्यधिक पहिरो खसेको ढोरपाटन नगरपालिकाका कार्यवाहक नगरप्रमुख धनबहादुर कायतले जानकारी दिनुभयो । उहाँका अनुसार २२ किमी सडक चौडा बनाएर ग्राभेल गरेपनि बर्खामा नयाँ सडकमा सवारी फस्ने समस्या भने यथावत छ। खासगरी फल्लेघर, सुकुर्देङलगायत क्षेत्रमा पहिरो खस्ने र हिलाम्मे सडकमा सवारी फस्ने समस्या बढी हुँदा यात्रीलाई सास्ती हुने गरेको कायतको भनाइ छ। ३० महिनाभित्र काम सम्पन्न गर्ने गरी विसं २०७८ कात्तिक ५ गते स्वच्छन्द-ओमबुद्ध जेभीले सम्झौता गरेकामा कम्पनीले कामा ढिलासुस्ती गर्दा यात्रु र पर्यटनलाई समस्या भइरहेको कार्यवाहक नगरप्रमुख कायतले बताउनुभयो।

"हिउँदमा सक्नुपर्ने सडक बर्खामा काम गर्दा समस्या भयो। अहिले सडक चौडा बनाएपछि पहिरो खस्ने सकस्या बढेको छ। पर्यटकको चाप अत्याधिक भएपनि यात्रुको सुरक्षालाई मध्यनजर गर्दै रातको समयमा सवारीसाधन नचलाउन आग्रह गरिएको छ", उहाँले भन्नुभयो, "सडक ग्राभेल भएपछि ढोरपाटनसम्मको आवागमन सडक सहज भएपनि बर्खामा पहिरो खसेर समस्या भएको हो ।" करिब रु २५ करोड ६१ लाख ३१ हजार १६६ को लागतमा उक्त सडकखण्ड स्तरोन्नति गरिएको सालझण्डी-ढोरपाटन सडक आयोजनाका सूचना अधिकारी परीक्षा पौडेलले जानकारी दिनुभयो । गत मङ्सिरमा तेस्रो पटक म्याद थप गरिएको बताउँदै उहाँले काम नसकिएपछि गत जेठ मसान्तसम्मका लागि अन्तिम पटक म्याद थपेर काम भइरहेको उल्लेख गर्नुभयो । ढोरपाटनको सुन्दरता मनमोहक र पर्यटकलाई आकर्षित गर्ने किसिमको भएपनि बर्खामा यात्रा भने कष्टकर रहेको काठमाडौँबाट ढोरपाटन र बुकीपाटन घुम्न आउनुभएका सञ्जय रानाभाटले गुनासो गर्नुभयो । "ढोरपाटनको सुन्दरता जति बयान गरे पनि कम हुन्छ, तर यात्रा पनि उस्तै कष्टकर देखियो । नयाँ स्तरोन्नति भइरहेको सडकमा मोटरसाइकल फसेर हैरान भयो", उहाँले भन्नुभयो।

रुपन्देहीको सालझण्डीबाट सुरु भएको यो सडक अर्घाखाँचीको सन्धिखर्क, पाल्पा, गुल्मी हुँदै बागलुङको ढोरपाटनसम्म आएको छ । पछिल्लो समय ढोरपाटन, बुकीपाटन र जलजला क्षेत्रमा पर्यटकको आगमन बढ्दै गएकाले सडकलाई नियमित सञ्चालन गर्नका लागि नगरपालिका र आयोजना कार्यालयले समन्वय गरेर पटकपटक अवरुद्ध मार्ग खुलाउँदै आएका छन्।

ढोरपाटनमा गत आर्थिक वर्षमा मात्रै ३७ हजार पर्यटक भित्रिएका जनाउँदै कार्यवाहक नगरप्रमुख कायतले पर्यटकीय पूर्वाधार निर्माण, प्रचारप्रसार र होटल सुविधाले ढोरपाटनमा पर्यटक आगमन बढिरहेको बताउनुभयो।

# इमान्दारिताको प्रतिक बनेर कुञ्चको अध्यक्षमा विशालक्ष्मी

पोखरापत्र संवाददाता
पोखरा, १ भदौं



समाजमा केही व्यक्तित्व यस्ता हुन्छन्, जसको परिचय पद, प्रतिष्ठा वा सम्पत्तिले होइन, व्यवहार, इमान्दारिता र मानवीय सेवाले स्थापित गरेको हुन्छ।

यस्तै प्रेरणादायी व्यक्तित्व हुन विशालक्ष्मी सिग्देल। विशेष गरी महिला दिदीबहिनीहरूसँग आत्मीय सम्बन्ध कायम गर्दै एकअर्काको सुख-दुःखमा साथ दिने उनको बानी प्रशंसनीय मानिन्छ । अन्यायका विरुद्ध निडरतापूर्वक आवाज उठाउने र न्यायको पक्षमा दृढतापूर्वक उभिने उनको स्वभावले धेरैलाई प्रेरित गर्दै गइरहेको छ। समाजमा हुने हरेक गतिविधिमा सक्रिय सहभागिता जनाउँदै उनले सामाजिक एकता र सद्भावलाई सधैँ प्राथमिकतामा राख्दै आएकी छन् । वर्षभरि मनाइने हरेक चाडपर्वमा रमाउँदै सबैलाई एकताका सूत्रमा बाँध्ने उनको विशेषता हो । खुसीका क्षणमा मात्र होइन, दुःख र समस्याका बेला पनि उनी सबैको साथमा उभिने गर्छिन् । पीडामा परेकाहरूका लागि उनको एउटा सान्त्वना नै मलमझैँ बन्ने गरेको धेरैको अनुभव छ। सरल जीवनशैली, मिलनसार व्यवहार र सहयोगी भावनाले सिग्देललाई समाजमा सम्मानित व्यक्तित्वका रूपमा स्थापित गरेको छ। समाजसेवा केवल भाषणबाट होइन, व्यवहारबाट प्रमाणित हुन्छ भन्ने उदाहरण बन्ने सोचमा पोखरा १३ स्थित महिला तथा बालकल्याण कुञ्जको अध्यक्ष पदमा विशालक्ष्मी सिग्देल हालै चयन भएकी छिन् । कुञ्जको २४ औं वार्षिक साधारण सभा तथा १२ औ अधिवेशनले हालै सिग्देललाई चयन गरेको हो । कुञ्जको निवर्तमान अध्यक्ष रत्न सिग्देल, उपाध्यक्षमा गृहलक्ष्मी सिग्देल, सचिवमा कमला भट्टराई, कोषाध्यक्षमा सम्झना अधिकारी, सह सचिवमा पर्वती वराल सिग्देल, चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा क्रमश मंगला सिग्देल, इन्द्रमाया सिग्देल र सरस्वती रानाभाट रहेका छन् । पोखरा महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष किरण वरालले अधिवेशनको उद्घाटन गरेका थिए । महिला तथा बालकल्याण कुञ्जकी अध्यक्ष रत्न सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा कुञ्जको पूर्व अध्यक्ष लक्ष्मी सिग्देल, संस्थाका सल्लाहकार ज्ञानेन्द्र प्रसाद सिग्देल, पृथ्वीधर सिग्देल समाजकी अध्यक्ष मैया सिग्देल, पृथ्वीधर सिग्देल समाजका पुर्व अध्यक्ष कृष्णकान्त सिग्देल, लामोडहर टोल विकास संस्थाका अध्यक्ष श्याम प्रसाद गुरुङ लगायत वोलेको कार्यक्रममा कुञ्जका सचिव सुजिता सिग्देल र कोषाध्यक्ष सुधा सिग्देलले प्रस्तुत गरेका प्रतिवेदन पारित भएको छ । कुञ्जका सचिव सुजिता सिग्देलले संचालन गरेकी कार्यक्रममा उपाध्यक्ष विशालक्ष्मी सिग्देलले स्वागत गरेकी थिइन्।

सोही कार्यक्रममा दश जोडा दुई उर्तिण युजिना भट्टराईकी आमा तारा भाट्टराई, कुञ्जका पूर्व अध्यक्षहरु क्रमश सरस्वती सिग्देल, इन्दिरा सिग्देल, मिरा सिग्देल, गायत्री सिग्देल, उषा सिग्देल, भगवती सिग्देल, लक्ष्मी सिग्देल, मैया सिग्देल, शान्तीदेवी सिग्देल र रत्न सिग्देललाई सम्मान गरिएको थियो।

# सहारा एकेडेमीको सहयोगार्थ सहारा यूकेद्वारा एक लाख १८ हजार सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १ भदौं

सहारा एकेडेमीको सहयोगार्थ पोखरामा आयोजित 'समर हाइकिङ फर च्यारिटी-२०८३' अभियानलाई सहारा यूकेले एक लाख १८ हजार ९ सय २९ रुपैयाँ सहयोग गरेको छ।

सहारा क्लब पोखराले सञ्चालन गर्दै आएको सहारा फुटबल एकेडेमीको दिगो व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले आयोजित हाइकिङ अभियानमा सहारा यूकेले उक्त रकम सहयोग गरेको सहारा यूकेका अध्यक्ष सारदा गुरुङले बताउनुभयो।

सहारा क्लबले लामो समयदेखि कठिन परिस्थिति तथा विपन्न परिवारका बालकलाई आवासीय सुविधासहित फुटबल प्रशिक्षण र शिक्षाको अवसर प्रदान गर्दै आएको सहारा एकेडेमीको सञ्चालनमा हरेक वर्ष ठूलो आर्थिक भार पर्ने भएकाले त्यसमा सहयोग पुऱ्याउने उद्देश्यले हाइकिङ अभियानमा सहकार्य गरिएको उहाँले बताउनुभयो।

पोखरा महानगरपालिका-९ को समन्वय तथा सहारा क्लब पोखराको आयोजनामा शनिबार सम्पन्न 'समर हाइकिङ फर च्यारिटी-२०८३' मा २ सय १५ जनाको सहभागिता रहेको थियो । पोखरा-९ स्थित महेन्द्रपुलबाट सुरु भएको हाइकिङ रानीपौवा, चापापानीचोक हुँदै पर्यटकीय गाउँ काहुँडाँडामा पुगेर समापन भएको थियो।

हाइकिङबाट संकलित रकम सहारा एकेडेमीको सञ्चालन तथा व्यवस्थापनमा उपयोग गरिने सहारा क्लबका अध्यक्ष केशवबहादुर थापाले बताउनु भयो । एकेडेमीमा हाल विभिन्न १६ जिल्लाका ३० जना बालकले फुटबल प्रशिक्षणसँगै उच्च शिक्षा हासिल गरि रहेको बरिष्ठ उपाध्यक्ष पूर्ण बहादुर गुरुङले बताउनु भयो। क्लबको हाइकिङ अभियानमा सहयोग गर्ने घोषणा गरेको सहारा यूकेले प्रतिवद्धताअनुसार रकम उपलब्ध गराएको क्लबका पूर्वअध्यक्ष बिक्रम थकालीले जानकारी दिनुभयो । सहारा यूकेले पोखरा १७ दोभिल्लामा २६ रोपनीमा फैलिएको सहारा एकेडेमी निर्माण गर्न, आहा ! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता तथा एकेडेमीको अक्षयकोष स्थापना लगायतका अभियानमा विगतका बर्षदेखि नै निरन्तर सहयोग गर्दै आएको उहाँले जनाउनु भयो।

स्वास्थ्य, पर्यटन र सामाजिक सेवाको सन्देश एकैसाथ प्रवाह गर्ने उद्देश्यले आयोजना गरिएको हाइकिङ अभियानले सहारा एकेडेमीको निरन्तर सहयोगका लागि सकारात्मक वातावरण निर्माण गरेको आयोजकले जनाएको छ । सहारा क्लब पोखराले लामो समयदेखि आहा ! रारा पोखरा गोल्डकप, सामाजिक सेवाका विभिन्न गतिविधिसँगै सहारा फुटबल एकेडेमी सञ्चालन गर्दै आएको छ। उक्त अभियानमा पोखरा महानगरपालिका-९, तमु धीं यूके, कास्की जिल्ला फुटबल संघ (एन्फा), सहारा यूकेका पूर्वअध्यक्ष एमबीई दिलीपकुमार गुरुङ, सहारा यूकेका निवर्तमान अध्यक्ष कृष्णकुमार गुरुङ,सदस्य एवं सहारा युकेका सल्लाहाकार चन्द्रबहादुर गुरुङ, सहारा यू.के.,क्लबका आजीवन सदस्य मनोज गुरुङ, मानार्थ सदस्य मुछेत्र गुरुङ, मनार्थ सदस्य लोकबहादुर गुरुङ, सहारा हङकङका संस्थापक अध्यक्ष दीपक गुरुङ, सहारा हङकङका अध्यक्ष सरोज गुरुङ (खम), खेलकुदकर्मी नारायण गुरुङ, जयप्रकाश गुरुङ, सौन्दयकर्मी वविता केसी लगायतले सहयोग गर्नुभएको थियो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# सरकारले नै ग्यास वितरण गर्दा भद्रगोल

सरकारले सहजरूपमा ग्यास उपलब्ध गराउन नसकेको मात्र होइन व्यवस्थित तरिकाले पनि वितरण गर्न सकेन।सरकार आफैले वितरणको जिम्मा लिंदा ग्यासको वितरण प्रणाली झन् भद्रगोल बनेको छ। मन्त्रीले फोन गरेर वितरण गर्ने र तारे होटलमा गएर जफत गर्ने स्टण्ट गर्दा प्रणाली नै भद्रगोल बन्न पुगेको छ । लाइनमा बसेको एधार दिनमा एउटा सिलिन्डर बोकेर जाँदा युद्ध जितेको मान्नुपर्ने अवस्था आउनु जान्ने र युवाले नेतृत्व गरेको सरकारका लागि अयोग्यताको प्रमाण हो।अझै उपभोक्ताले कति दिन सास्ती खेप्नुपर्ने हो सरकारले विश्वासिलो आधार दिन सकेको छैन ।

ग्यास डिलरले पर्याप्त ग्यास पाएका छैनन् । डिलरबाट ग्यास किनेर उपभोक्ताकोमा पुऱ्याउने घरदैलोका पसलमा पनि ग्यास छैन। उपभोक्ता भने टाढाटाढा पुगेर घन्टौं लाइन बस्न बाध्य छन् । सरकारले डिलरलाई पुग्ने ग्यास कटौती गरेर आफैं विभिन्न ठाउँबाट बिक्री गर्दा समस्या झन् बल्झिएको ग्यास बिक्रेताहरूको दाबी छ । नजिकको पसलबाट पाउन जति सजिलो हुन्छ घण्टौं लाइन उभ्याउनु सास्ती दिने काम मात्र हो।सरकारले काठमाडौका लागि सुलभ ग्यास वितरणका लागि भन्दै विभिन्न ठाउँ तोकिएका छन् । आयल निगमको टेकु परिसर, पशुसेवा शाखा बुढानीलकण्ठ, नयाँ बजारको जुडोहल परिसर, तारकेश्वर नगरपालिका परिसर, चन्द्रागिरि नगरपालिका कार्यालय र राष्ट्रिय क्षयरोग केन्द्रलगायत ठाउँबाट ग्यास बिक्री गरिएको छ। ती ठाउँबाट सम्बन्धित क्षेत्रका नजिकका डिलरको नामबाट ग्यास बिक्री गर्ने व्यवस्था गरिएको छ । तर यसरी डिलरको नियमित वितरण प्रणाली बाहिरबाट ग्यास बिक्री गर्दा घर नजिकका बिक्रेतासम्म पुग्ने ग्यास घटेको छ। सरकारले दैनिक यति सिलिन्डर बेच्यौ भनेर उपलब्धि देखाउन खोजेको छ । उपभोक्तालाई आफ्नो क्षेत्रको डिलरबाट सहज रूपमा ग्यास दिन सकिने भए पनि डिलरमै ग्यास नभएपछि समस्या झन् बढ्दो छ। ग्यास बिक्रेताहरूका अनुसार घर नजिकको डिलरलाई आफ्नो क्षेत्रका उपभोक्ताको वास्तविक अवस्था थाहा हुन्छ ।

कुन परिवारले नियमित ग्यास प्रयोग गर्छन्, कसलाई कति ग्यास आवश्यक पर्छ, कसले ग्यास लगिसक्यो र कसलाई दिन बाँकी छ भन्ने जानकारी उनीहरूसँग हुन्छ। उपभोक्तासँगको नियमित सम्पर्क पनि डिलरकै हुन्छ। तर अहिले त्यही डिलरले ग्यास पाउन सकेको छैन। त्यसपछि उपभोक्ता कहाँ जाने भन्ने अन्योल बढेको छ। सरकारले छुट्टै ठाउँमा ग्यास बिक्री गर्दा घर नजिकको बिक्रेता र उपभोक्ताबीचको स्थापित वितरण प्रणाली नै कमजोर बनेको छ। डिलरलाई व्यवस्थित गर्ने, उसले कति ग्यास पायो र कति उपभोक्तालाई बिक्री गऱ्यो भन्ने विवरण राख्ने व्यवस्था गर्न सकिने विकल्प सरकारसंग थियो । तर सरकारले समस्या समाधान गर्ने भन्दै विभिन्न ठाउँ तोकेर आफै ग्यास बिक्री गर्न थालेको छ जुन उल्टो बाटो हो ।

निश्चित ठाउँबाट ग्यास बाँड्दा घर नजिकका डिलरमा आपूर्ति कम भएको छ।भने 'एउटा सिलिन्डरका लागि नागरिकहरू चारदेखि ६ घन्टासम्म लाइन बस्नुपर्ने र कतिपय ठाउँमा रित्तै फर्किनुपर्ने अवस्था छायो जनतालाई सुविधा होइन दुख दिने काम हो। ग्यास लिन टाढा जानुपर्दा उपभोक्ताले ढुवानी वा अन्य माध्यमबाट २-३ हजार रुपैयाँसम्म थप खर्च गर्नुपरेको छ। यसको असर विशेषगरी वृद्धवृद्धा, महिला र बालबालिकालाई परेको छ। वितरण केन्द्रमा नागरिकता र राष्ट्रिय परिचय पत्र नम्बर माग्दा उपभोक्ता थप त्रसित र अन्योलमा परेको छन।सरकार भुकम्प होस या कोभिढका बेला नागरिक भन्दा मतदाता हेरेर राहत वितरण गरे जस्तै हो।सरकारले मानवता विर्सेर परिचयपत्र खोज्नु असफल प्रयोग हो।। 'सरकारले 'चरुवा' जस्तो गरी ठाउँ फेर्दै हिँड्नुको साटो भएको वितरण संयन्त्रलाई बलियो बनाउनुपर्छ। ताकि अरुबेला पनि काम लाग्छ। सरकारले वितरण चेन नै भत्काएर आफैं बिक्री गर्न खोज्दा डिलरमा जाने ग्यासको संख्या घटेको उद्योगीको गुनासो छ। नेपालमा मासिक करिब ५० हजार मेट्रिक टन ग्यास आवश्यक पर्नेमा औसत ३५ हजार मेट्रिक टन मात्रै आयात गरेको छ। ७.१ केजीको ग्यास बिक्री भएको समय (चार महिना)मा करिब ६० हजार मेट्रिक टन ग्यास कम आयात भएको थियो । नेपालमा आवश्यकताभन्दा धेरै सिलिन्डर रहेको उद्योगी नै स्वीकार्छन् ।

नेपालमा करिब १ करोड सिलिन्डर आवश्यक पर्छ। तर अहिले १ करोड ८० लाखभन्दा बढी सिलिन्डर बजारमा छन्। नाकाबन्दीको समयमा ७.१ केजीका सिलिन्डर ल्याइएको र अहिले पनि नयाँ सिलिन्डरको बिक्री जारी रहेकाले समस्या थपिएको छ। नेपाल आयल निगमका कार्यकारी निर्देशक सिए नागेन्द्र शाहले भने अहिलेको वितरण आपतकालीन अवस्थाका लागि गरिएको जिकिर गर्छन। सरकारले कूटनीतिक पहल गरेर ग्यासको आयात बढाउन र उपभोक्ताको घर नजिकका डिलरलाई व्यवस्थित गर्नुपर्ने काममा सरकार लाग्नुपर्छ । डिलरलाई कसलाई कति ग्यास बिक्री गरियो भन्ने विवरण राख्न लगाउन सकिन्छ। यसबाट एकै व्यक्तिले पटकपटक ग्यास लैजाने अवस्था पनि रोक्न सकिन्छ। वितरणमा पारदर्शिता पनि कायम गर्न सकिन्छ। ग्यास अभाव हुनुमा राज्यको व्यवस्थापकीय कमजोरी छायसको दोष नागरिकलाई ग्यास स्टक राखेको भन्दै लगाउनु गलत हो। राज्यले नागरिकलाई आतंकित पार्ने काम बन्द गर्नुपर्छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : शारीरिक झमेला |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# गोरखकाली रबर उद्योग सञ्चालन गर्न अनुगमन

**पोखरापत्र संवाददाता**
गोरखा, १ भदौं

लामो समयदेखि बन्द रहेको गोरखकाली रबर उद्योग सञ्चालनमा ल्याउन विज्ञहरुले अनुगमन तथा अध्ययन गरेका छन् । गोरखा क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य कविन्द्र बुर्लाकोटी नेतृत्वको विज्ञहरुसहितको टोलीले आज गोरखकाली रबर उद्योगको अध्ययन, भ्रमण गरेका हुन् ।

गोरखा नगरपालिका-१३ मभुवामा रहेको गोरखकाली रबर उद्योग सञ्चालनमा ल्याउन विश्लेषकीय भ्रमण गरेको सांसद बुर्लाकोटीले बताउनुभयो । ' अर्थ, उद्योग र कानुन मन्त्रालयको प्रतिनिधिसहित गोरखकाली रबर उद्योगको विश्लेषकीय भ्रमण गरेका छौँ", उहाँले भन्नुभयो, "रबर उद्योग सञ्चालनमा ल्याउने कानुनी सम्भावन के हुन्छ, आर्थिक सम्भावन के हुन्छ भनेर यो भ्रमण पछि छलफल हुन्छ ।" छिट्टै गोरखकाली रबर उद्योग सञ्चालन गर्न आर्थिक प्रस्तावनासमेत तयार गर्ने सांसद बुर्लाकोटीले जानकारी दिनुभयो । गोरखकाली रबर उद्योग २०४१ जेठ ३० गते चीन सरकारको सहयोगमा स्थापना भएको हो । उद्योगको शिलान्यास तत्कालीन राजा वीरेन्द्र शाहले २०४२ सालमा गर्नुभयो थियो । उद्योगले २०५० सालदेखि व्यावसायिक उत्पादन सुरु गरेको थियो । एक समय स्वदेशी बजारको टायर तथा ट्युबको मागको ठूलो हिस्सा धान्दै आएको गोरखबाली रबर उद्योग करिब ६७० रोपनी क्षेत्रफलमा फैलिएको छ । उद्योगमा सरकार, नागरिक तथा विभिन्न सङ्घसंस्थाहरुको लगानी समेत रहेको थियो ।वार्षिक करिब ८८ हजार टायर उत्पादन गर्न सक्ने क्षमता विकास गरेको गोरखकाली रबर उद्योगले ट्रक, जीप, भ्यान र कारका लागि विभिन्न प्रकारका टायर उत्पादन गर्दै आएको थियो । उद्योगका उत्पादन देशका प्रमुख सहरमा रहेका डिपोमार्फत बिक्री वितरण हुन्थ्यो । उद्योगले उत्पादन गरेका टायर भारत, बङ्गलादेश र श्रीलङ्कालगायत दक्षिण एसियाली मुलुकमा निर्यात गर्दै आएको थियो । कुनै समय स्वदेशी मागको ठूलो हिस्सा धान्दै आएको उद्योग २०७१ चैत २३ गतेदेखि पूर्णरुपमा बन्द भयो । लामो समयदेखि बन्द हुँदा यसका संरचना र मेसिनरी प्रयोगविहीन अवस्थामा छन् । लामो समयदेखि बन्द रहेको उद्योगमा राज्यको ठूलो लगानी र भौतिक संरचना प्रयोगविहीन बनेका छन् ।

# विद्यार्थी आकर्षित गर्न क्याम्पसमा होस्टेल सुविधा

**पोखरापत्र संवाददाता**
बागलुङ, १ भदौं

धवलागिरि बहुमुखी क्याम्पस बागलुङले विद्यार्थी आकर्षित गर्न छात्र तथा छात्राका लागि छात्रावास सुविधा विस्तार गरेको छ । क्याम्पसले होस्टेलको पूर्वाधार निर्माणमा लगानी विस्तार गर्दै लगेको छ ।

क्याम्पसले विगत तीन वर्षदेखि छात्राका लागि छात्रावास सुविधा उपलब्ध गराउँदै आएको थियो । विद्यार्थी सङ्ख्या घट्दै गएपछि क्याम्पसले नयाँ विद्यार्थी आकर्षित गर्न पुरुष छात्रावास निर्माण गरिरहेको क्याम्पस प्रमुख डा सुदर्शन सिलवालले जानकारी दिनुभयो । उहाँका अनुसार त्रिभुवन विश्वविद्यालयको सहयोगमा रु तीन करोड ५० लाखको लागतमा ७० जना विद्यार्थी बस्न मिल्ने पुरुष छात्रावास निर्माण भइरहेको छ ।

भवनको तेस्रो तलाको ढलान भइरहेको र निर्माण अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो । क्याम्पसले बाहिरी जिल्लाबाट आउने विद्यार्थीलाई लक्षित गरी आवासीय सुविधा विस्तार गरेको हो । बागलुङसहित मुस्ताङ, म्याग्दी र पर्वतका विद्यार्थीले क्याम्पसमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययन गर्दै आएका छन् । क्याम्पस प्रमुख सिलवालका अनुसार तीन वर्षअघि रु तीन करोडको लागतमा निर्माण गरिएको छात्रा छात्रावासमा हाल ४२ विद्यार्थीले सुविधा लिइरहेका छन् ।

नयाँ पुरुष छात्रावास निर्माण सम्पन्न भएपछि थप ७० विद्यार्थीलाई आवासीय सुविधा दिन सकिनेछ । उहाँले भन्नुभयो, "कोठा भाडामा लिएर अध्ययन गर्न नसक्ने दुर्गम क्षेत्रका जेहेन्दार तथा विपन्न विद्यार्थीलाई लक्षित गरी छात्रावास निर्माण गरिएको हो । त्रिभुवन विश्वविद्यालयको नियमअनुसार त्यसका लागि विद्यार्थी छनोट गरी निःशुल्क आवासीय सुविधा दिने व्यवस्था छ ।"क्याम्पसले छात्रावासमा बस्ने विद्यार्थीबाट सरसफाइ शुल्क मात्र लिँदै आएको छ । छात्रावासको सुविधा नहुँदा केही विद्यार्थी अध्ययनका लागि पोखरा तथा काठमाडौं जाने गरेका थिए । छात्रावासको सुविधासँगै दुर्गम तथा विपन्न विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि सहज वातावरण बन्ने छात्रावास संयोजक हिरालाल रेग्मीले बताउनुभयो । धवलागिरि बहुमुखी क्याम्पसमा हाल करिब दुई हजार २०० विद्यार्थी अध्ययनरत छन् । विगतका वर्षको तुलनामा विद्यार्थी सङ्ख्या घट्दै गए पनि क्याम्पसले बिबीए कार्यक्रम थपेपछि विद्यार्थीको आकर्षण बढ्दो क्रममा छ । क्याम्पसमा विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक तथा स्नातकोत्तर तहका विभिन्न कार्यक्रम सञ्चालनमा छन् ।

## सार्वजनिक सूचना

कास्की जिल्ला भरतपोखरी -७ (हाल भरतपोखरी-३३) बस्ने कृष्ण प्रसाद लम्साल (ना.प्र.नं.४६०१६९०७००६) को नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १७ बिरौटाको कित्ता नं. ३१८ को क्षेत्रफल १४७.५ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पश्चिम तर्फ कि. नं. २९३ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १७ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

## कम्पनी खारेजी सम्बन्धमा जारी गरिएको सूचना

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७९-०२-१६ मा दर्ता भएको प्रा.लि. द. नं. २९१३४९ को एन. आर. एन. हार्डवेयर प्रा.लि. कम्पनीको मिति २०८३/०४/३० मा सम्पन्न भएको बिशेष सभाले कम्पनी ऐन, २०६३ को दफा २ (ग) बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताब पारित गर्ने निर्णय गरेकोले यस कम्पनीसँग कोहि कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्य युक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हक दावी गर्ने सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा हक दाबी लाग्ने छैन । कानून बमोजिम भई जाने व्यहोरा सुचित गरिन्छ ।

**दामासायी व्यवसायी, लिक्विडेटरको कार्यालयः**
**मणिराम नेपाल**
**इजाजत नं. ५४२ सम्पर्कः ९८०५६७६७१०**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महा( नगरपालिका वडा नं. २७ निवासी भारतीय भु.पु.सै.नं.२००११८६ RFN का दल बहादुर रानाको मिति २०८३।०४।२९ गतेको माग निवेदन र संलग्न कागजात अनुसार निजको श्रीमतीको ना.प्र.नं.३५/५५४ बाग्लुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर तुलसी मगर र जन्ममिति वि.सं.२०१२।१०।१८( ई.स.१९५६।०२।०१) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर तुलसी राना र जन्ममिति वि.सं. २०१२।०३।१७ (ई.सं.१९५५।०७।०१) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक जन्ममिति र नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २७ नं. वडा कार्यालयको च.नं.४५५ मिति २०८३।०४।२९ को सिफारिस पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

## गैह्रबैकिङ सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**मितिः २०८३/०५/२ गते**

यस पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्वामित्वमा रहेको तपशिल बमोजिमको घर जग्गा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले यस सहकारीबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा यस सहकारीको प्रधान कार्यालय, बुद्धचोक, पोखरामा लिलाम बिक्री गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नु हुन यसै सूचनाद्धारा आव्हान गरिन्छ । यस सहकारी समक्ष प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठ) औं दिनमा सो दिन बिदा भएमा त्यस लगतै कार्यालय खुल्ने दिन तपशिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधिलाई यसै सूचनाद्धारा सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन । तोकिएको दिन विदा परेमा सोको भोलि पल्ट दिनको १ बजे बोलपत्र खोलिनेछ । प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा छलफल गर्ने सम्पूर्ण अधिकार यस सहकारीमा सुरक्षित रहनेछ । साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ । उपरोक्त बिषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सहकारीको प्रधान कार्यालय बुद्धचोकमा सम्पर्क गर्नुहोला ।

**तपशिल**

**बोलपत्र खुल्ने मिति : २०८३/०५/०९ गते मंगलबार**

**समय : दिनको १ बजे ।**

**स्थान : संस्थाको प्रधान कार्यालय बुद्धचोक, पोखरा कास्की**

**तपशिलः**

| सि.नं. | जिल्ला | गा.बि.स. | वडा नं. | सिट नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कास्की | शिशुवा | २ | ०९४११२६०१ | ७८४६ र ३३५७ | ०-४-०-३ र २-०-०-० | जग्गा |
| २ | कास्की | देउराली<br>देउराली | ४<br>५ | ०९४१२५३<br>०९४११७३ | ३८१<br>९४९ | ६-४-२-२<br>१-३-०-० | जग्गा<br>जग्गा |
| ३ | तनहुँ | उदेनढुंगा<br>ढोरफिर्दी | ४<br>१ | ४ ग<br>१ घ | १२७३ र १२७५<br>४८९ र ४९१ | ०-३-०-० र ०-२-०-१<br>०-३-३-३ र ०-०-२-० | जग्गा<br>जग्गा |
| ४ | तनहुँ | जामुने | ९ | ९ क | २८५ | २-०-०-० | जग्गा |
| ५ | तनहुँ | धवादी पार्वतीपुर | ८ | ८ घ | ३२ | ५-०-१-३ | जग्गा |
| ६ | तनहुँ | ढोरफिर्दी | ३ | ३ क | २५८३ | ०-६-१-३ | घरजग्गा |

**पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**Pokhara Royal Saving & Credit Co-operative Society Limited**
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com

# कृषि सामग्री कम्पनीबाट दुई हजार मेट्रिकटनभन्दा बढी मल बिक्री

**पोखरापत्र संवाददाता**
पोखरा, १ भदौं

कृषि सामग्री कम्पनी दमौलीले एक वर्षको अवधिमा दुई हजार ७०० मेट्रिकटनभन्दा बढी मल बिक्री गरेको छ।

कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा दुई हजार ७६६ दशमलव ६७ मेट्रिकटन मल बिक्री गरेको हो। कार्यालय प्रमुख विजया बास्कोटाका अनुसार तनहुँमा एक हजार ९०३ दशमलव शून्य ७५ मेट्रिकटन र लमजुङमा ८६३ दशमलव ६०० मेट्रिकटन मल बिक्री गरिएको छ । उक्त अवधिमा युरिया, डिएपी, पोटास र चुन मल बिक्री गरिएको उहाँले बताउनुभयो।

बास्कोटाका अनुसार तनहुँमा एक हजार ३८३ दशमलव १५० मेट्रिकटन युरिया, ४६५ दशमलव १०० मेट्रिकटन डिएपी, ४७ दशमलव २५० मेट्रिकटन पोटास र सात दशमलव ५७५ मेट्रिकटन चुन बिक्री गरिएको छ।

यस्तै, लमजुङमा ६४३ दशमलव ८०० मेट्रिकटन युरिया, १७७ दशमलव २०० मेट्रिकटन डिएपी, ३५ दशमलव ९०० मेट्रिकटन पोटास र छ दशमलव ७०० मेट्रिकटन चुन बिक्री गरिएको प्रमुख बास्कोटाले जानकारी दिनुभयो।

उक्त आवमा दुई हजार ७५१ मेट्रिकटन मल प्राप्त भएको थियो भने अघिल्लो आवको २०० दशमलव १२५ मेट्रिकटन मौज्दात थियो। आव २०८२/८३ मा बिक्री भएर १८४ दशमलव ४५० मेट्रिकटन मल चालु आवका लागि मौज्दात रहेको बास्कोटाले जानकारी दिनुभयो । आव २०८२/८३ मा युरिया दुई हजार २५ मेट्रिकटन, डिएपी ६०० मेट्रिकटन, पोटास १०५ मेट्रिकटन र चुन २१ मेट्रिकटन प्राप्त भएको थियो।

प्रमुख बास्कोटाका अनुसार युरिया ११४ दशमलव ४००, डिएपी २१ दशमलव शून्य ५०, पोटास २२ दशमलव ५०० र चुन २६ दशमलव ५०० मेट्रिकटन मल मौज्दात छ । चालु आव २०८३/८४ को साउनको २८ गतेसम्म युरिया २७१ र डिएपी २०० मेट्रिकटन मल प्राप्त भएको छ । अघिल्लो वर्षको बाँकी रहेकोसहित हालसम्म ४३४ दशमलव ८०० मेट्रिकटन मल बिक्री भइसकेको छ।

कार्यालयका सूचना अधिकारी मदन थपलियाका अनुसार प्रदेश मन्त्रालयले प्रत्येक स्थानीय तहका लागि मल बिक्रीको कोटा तोकेर पठाउने गरेको छ।

प्रदेशबाट कोटा आएपछि स्थानीय तहमा रहेको मल व्यवस्थापन समितिले आफ्नो क्षेत्रमा आवश्यकताका आधारमा मलको मात्रा निर्धारण हुने उहाँले बताउनुभयो।

स्थानीय तहले निर्धारण गरेको कोटाअनुसार मल बिक्री गर्ने विक्रेताहरूले कार्यालयमा माग गर्छन् । विक्रेताले स्थानीय तहबाट पाएको कोटाको विवरण पेस गरेपछि कार्यालयले सोही कोटाका आधारमा मल उपलब्ध गराउने व्यवस्था रहेको थपलियाले जानकारी दिनुभयो।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कुश्मा, पर्वत

## एउटै व्यक्ति भएको सूचना

प्रस्तुत विषयमा पर्वत जिल्ला साविक खुर्कोट गा.वि.स. वडा नं. २ हाल कुश्मा नगरपालिका वडा नं. २ बस्ने भारतीय सेना भु.पु.नं. 3/9 GR, 5840222N HAV हर्क बहादुर शाहीको तपशिल बमोजिम पारिवारिक विवरण रहेको भनी कुश्मा नगरपालिका २ नं. वडा कार्यालय पर्वतको च.नं. १०१ मिति २०८३/०४/२९ को पत्रबाट सिफारिस भै आएकाले तपशिल बमोजिमको पारिवारिक विवरण पेन्सन प्रयोजनको लागि प्रमाणित गरिन्छ ।




| क्र.सं. | नामथर | नाता | जन्ममिति | वैवाहिक स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | हर्क बहादुर शाही | पेन्सनर | २००६/१२/२९ | विवाहित २०२८/०३/२८ | जिवित, अपाङ्ग नभएको |
| २ | विष्णु कुमारी शाही | श्रीमती | २०१२/०७/१० | विवाहित २०२८/०३/२८ | जिवित, अपाङ्ग नभएको |
| ३ | तुलसी कुमारी मल्ल | छोरी | २०३२/१०/०७ | विवाहित २०५०/०८/२१ | जिवित, अपाङ्ग नभएको |
| ४ | दिपा कुमारी शाही | छोरी | २०३७/११/२३ | विवाहित २०५८/०१/०३ | जिवित, अपाङ्ग नभएको |
| ५ | रजिना शाही मल्ल | छोरी | २०३९/०८/१० | विवाहित २०५८/०३/०१ | जिवित, अपाङ्ग नभएको |
| ६ | सुनिता सेन | छोरी | २०४१/११/६ | विवाहित २०५८/३/१६ | जिवित, अपाङ्ग नभएको |
| ७ | दिनेश शाही | छोरा | २०४५/३/१० | विवाहित २०७०/११/६ | जिवित, अपाङ्ग नभएको |

प्रमुख जिल्ला अधिकारी



## दुई नामथर र जन्म मिति भएको व्यक्ति एउटै भएको सुचना

**स्याङ्जा जिल्ला विरुवा गाउँपालिका वडा नं. १ निवासी भारतीय भु.पु. सैनिक नं. ५०४३८६२F, हवल्दार डम्मर बहादुरको श्रीमतीको ना.प्र.मा र सैनिक अभिलेखमा तपशिल बमोजिमको नामथर र जन्ममिति फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भनी सोही सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी वडा कार्यालयको च.नं. ४९ मिति २०८३/०४/२८ को पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।**

| क्र.सं. | न.प्र. नाम थर | सैनिक अभिलेखमा नामथर | नाता | ना.प्र.मा जन्म मिति वि.सं. | सैनिक अभिलेखमा जन्म मिति ई.सं. | फोटो |
|---|---|---|---|---|---|---|
| १ | डम्मर बहादुर खाँण | डम्मर बहादुर थापा | पेन्सनर | २०२५/०३/०६ (ई.सं. १९/०६/१९६८) | ३०/०३/१९६९ |  |
| २ | ज्ञान कुमारी खाँण | ज्ञान कुमारी थापा | श्रीमती | २०२८/०६/०९ (ई.सं. २५/०९/१९७१) | २२/०४/१९७१ |  |

जिल्ला प्रशासन कार्यालय स्याङ्जा



## ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८३/०५/०२ गते (पोखरापत्र राष्ट्रिय दैनिक)

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले ब्यक्तिगत जमानत कर्जा मार्फत ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जाना समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौंता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिनभित्र यस संस्थामा बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला । अन्यथा तपाई ऋणी सदस्य, व्यक्तिगत धनजमानत दिने व्यक्ति सदस्यको समेत नाउँमा रहेको श्रीसम्पत्ती रोक्का राखी सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम प्रशासनिक कारवाही प्रकृया पुरा गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

| क्र.स | सदस्यको नाम थर | स्थायी ठेगाना | ना.प्र.नं. | जारी जिल्ला | वावु/पतिको नाम | बाजे/ससुराको नाम |
|---|---|---|---|---|---|---|
| १ | आइतिमाया चर्म्माकार | पोखरा -३१, गोरखमार्ग | ३२८ | कास्की | शन्त बहादुर चर्म्माकार | गोथे चर्म्माकार |
| २ | कमला सुबेदी | पोखरा -३०, मिलनचोक | ४६३०३०/५१२ | कास्की | टुकचन्द्र सुबेदी | भिमा मोहन सुबेदी |
| ३ | टुकचन्द्र सुबेदी | पोखरा -३०, मिलनचोक | ५५०८३ | कास्की | भिमा मोहन सुबेदी | गुरुदत्त सुबेदी |
| ४ | पार्वती सारु मगर | पोखरा -३०, मिलनचोक | १५८४२४ | कास्की | केश बहादुर सारु मगर | खडुक सारु मगर |
| ५ | नवराज खड्का क्षेत्री | पोखरा -३२, मालमुल | १५१९९३ | कास्की | चिन बहादुर खड्का क्षेत्री | भक्त बहादुर खड्का क्षेत्री |
| ६ | टिका कुमारी ढकाल पौडेल | विचारी चौतारा-५ स्याङ्जा, हाल पोखरा -३०, | ४६-०१-७०-००१६६ | स्याङ्जा | राम प्रसाद पौडेल | हरि प्रसाद पौडेल |
| ७ | राम प्रसाद पौडेल | विचारी चौतारा-५ स्याङ्जा, हाल पोखरा -३०, | ६१५१६ | स्याङ्जा | हरि प्रसाद पौडेल | काशिराम उपाध्याय |
| ८ | सर्मिला ओझा | पोखरा -३०, मिलनचोक | १६९९६४ | कास्की | शिवराज ओझा | भिम प्रसाद ओझा |
| ९ | वसन्त राज घिमिरे | पोखरा -३०, खुदी | ४६-०२-७५-००४३८ | कास्की | पद्य हरी घिमिरे | उमनाथ घिमिरे |
| १० | शान्ती पोडे | पोखरा -३०, खुदी | ५९५४ | कास्की | माइला पोडे | धर्मसिंह पोडे |

**हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा ३०, खुदी ढुंगेपाटन, कास्की
फोन नं. ०६१-५०४०४९, ५०४०६१


# माउन्ट अन्नपूर्णका विद्यार्थी औधोगिक क्षेत्रको अवलोकनमा

**पोखरापत्र संवाददाता**
पोखरा, १ भदौं




पोखरा ३, नदीपुरमा भिसी मार्गमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक विद्यालयका विद्यार्थीले पोखरा औधोगिक क्षेत्रमा रहका उद्योगहरुको अवलोकन गरेका छन्।

विद्यालयले सञ्चालन गरेको 'शैक्षिक संस्था र उद्योगहरुबीचको सहकार्यबाट भविष्य निर्माण' अभियान अन्तर्गत कक्षा ११ र १२ का गरि ६७ जना विद्यार्थीले पोखरा औधोगिक क्षेत्रमा रहेका उद्योगहरुको अध्ययन अवलोकन भ्रमण गरेका हुन् । विद्यार्थीलाई उद्योगसँग प्रत्यक्ष जोड्दै व्यावहारिक सिकाइको अवसर प्रदान गर्न भ्रमण आयोजना गरिएको विद्यालयका प्रिन्सिपल सइन्द्रराज श्रेष्ठले बताए । अवलोकनको क्रममा फिष्टेल डेरी उद्योगका अध्यक्ष सुरेश धोजुले कम्पनीको उत्पादनको वारेमा जानकारी गराएका थिए । त्यस्तै बिद्यार्थीहरुले पोखरा नुडल्स प्रा.लिमा अवलोकन गरि उत्पादन प्रक्रियाको वारेमा जानकारी लिइएका थिए भने, गोशेली प्याकेजिङ लगायत अन्य उद्योगहरुको पनि अवलोकन गरि सोको वारेमा जानकारी लिएका थिए । अवलोकनले बिद्यार्थीको आन्तरिक तथा बाह्य प्रयोगात्मक परिक्षामा रिर्पोट तयार पार्न सहयोग पुग्ने प्रशासक चित्र गुरुङले बताए । अवलोकनमा प्लस टु तर्फका बिभागिय प्रमुखहरु शिक्षकहरु, लेखा संयोजक नवराज शर्मा,ल्याव सहयोगि मनिष सुनार लगायतको सहभागिता रहेको थियो।

गण्डकी प्रदेशकै पहिलो निजी तहबाट सञ्चालित विद्यालयको रुपमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक विद्यालयले बिगत १७ बर्षदेखि म्यानेजमेन्ट, होटल म्यानेजमेन्ट, माउण्टेनियरिङ र कम्प्युटर साइन्सको बिषयमा कक्षा १२ सम्म पढाई हुदै आइरहेको छ।


## एउटै व्यक्ति भएको सूचना

जिल्ला स्याङ्जा पुतलीबजार नगरपालिका वडा नं ०९ निवासी भारतीय सेनाका भू.पू. सैनिक नं 5245420L MACP NB SUB दल प्रसाद राना थापाको ना.प्र.मा ना.प्र र सैनिक अभिलेखमा तपशिल बमोजिमको नामथर फरक परेकोले फरक फरक नामथर भएतापनि व्यक्ति एउटै भनी सोही सम्वन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं ५६ मिति २०८३/०४/२६ को पत्रबाट लेखी आएको व्यहोरा अनरोध छ।




| क्र.स. | ना.प्र.मा नामथर | सैनिक अभिलेखमा नामथर | नाता |
|---|---|---|---|
| १ | दल प्रसाद राना थापा | दल प्रसाद थापा | पेन्सनर |
| २ | दिल कुमारी राना | दिल कुमारी थापा | श्रीमती |

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**



## लेखापरीक्षक सूचिकृत हुने सूचना

सूचना प्रकाशन मितिः २०८३/०५/०२

यस संस्थाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक लेखापरीक्षण गर्न नेपाल चाटर्ड एकाउण्टेन्ट्स संस्थामा दर्ता भएका इच्छुक लेखापरीक्षकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र के कति दरमा लेखा परीक्षण गर्ने हो सो स्पष्ट खुलाई तपसिलमा उल्लेखित कागजातहरु सहित यस संस्थाको इमेल info@royalooperative.com मा निवेदन पठाउनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- लेखा परिक्षण अनुमति पत्र (लाइसेन्स) को प्रतिलिपि
- नेपाल चाटर्ड एकाउण्टेन्ट्स संस्थाको पेशागत प्रमाण पत्र र सदस्यता प्रमाण पत्रको प्रतिलिपि
- लेखा व्यवसायी फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि
- लेखा व्यवसायी फर्म नविकरणको प्रतिलिपि
- करचुक्ता प्रमाण पत्र पत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
- लेखापरिक्षकको बायोडाटा

**नोट**: सूचिकृत हुन आउने लेखापरिक्षक छनौट गर्ने अधिकार संस्थामा सुरक्षित रहने छ।

**थप जानकारीका लागिः**
पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
**प्रधान कार्यालयः पोखरा १०, बुद्धचोक, कास्की**
**फोन नं.: ०६१५८७८३३**
**ईमेलः** info@royalooperative.com



## वार्षिक प्रतिवेदन छपाई सम्बन्धी कोटेसन आह्वान

सूचना प्रकाशन मितिः २०८३/०५/०२

यस संस्थाको २५औं वार्षिक साधारण सभाका लागि तपसिलमा उल्लेखित विवरण अनुसारको प्रतिवेदन छपाई गर्नुपर्ने भएकोले सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र के कति दरमा छपाई गरि उपलब्ध गराउन सक्ने हो सो खुलाई कोटेसन पेस गर्नुहुन इच्छुक छपाईकर्ताहरुका जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

१. संख्या : २०००
२. साइज : ७ X १० इन्च
३. कभर पेज : २०० ग्राम आर्ट पेपर लेमिनेसन रंगिन
४. भित्रि पेज : ६० ग्राम श्यामश्वेत
५. पृष्ठ संख्या : ६४

**नोट** : पेश भएका कोटेशन छनौट गर्ने अधिकार संस्थामा सुरक्षित रहने छ।

**थप जानकारीका लागिः**
पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
**प्रधान कार्यालयः पोखरा १०, बुद्धचोक, कास्की**
**फोन नं.: ०६१५८७८३३**
**ईमेलः** info@royalooperative.com